# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०९/१३ गते

## प्रेस विज्ञप्ति

## विषय: अनुसन्धानको लागि नियन्त्रणमा लिइएको ।

---

यातायात व्यवस्था कार्यालय, सुकेधारा, काठमाडौंमा कार्यरत उप-सचिव सुन्दर भट्टराई र शाखा अधिकृत यमलाल ढकालले नक्कली कागजात तयार गरी साउदी अरेवियन सवारी चालक अनुमति-पत्रको आधारमा नेपाली सवारी चालक अनुमति-पत्र बनाई दिने (नेपालीकरण गर्ने) गरेको भन्ने आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटि गएको टोलीले निजहरुलाइ नियन्त्रणमा लिइ अनुसन्धान गरिरहेको छ ।

यसअघि मिति २०७४ साल पुष ९ गतेका दिन यातायात व्यवस्था कार्यालय सुकेधारा काठमाडौंमा कार्यरत नायव सुब्बा यादव पौडेल र खरिदार सुमन पोख्रेलले सोही कार्यको लागि सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने सूचना एवम् उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल, काठमाडौंबाट खटिइ गएको टोलीले निजहरुलाई लेखापढी व्यवसायी अशोक कार्की मार्फत घुस रकम वापतको रु. ३२,०००/- ( बत्तीस हजार ) लिइसकेको अवस्थामा कार्यालय परिसरबाट तीनै जनालाई पक्राउ गरेको थियो ।

साथै, आजै भूमि सुधार कार्यालय भक्तपुरमा कार्यरत नायव सुव्वा राजु गौतमले मोही लगत कट्टा गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरेको भन्ने सूचना तथा उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगाल, काठमाडौंबाट खटिइ गएको टोलीले निज नायव सुव्वा राजु गौतमलाई घुस रकम रु.६०००/- (छ हजार ) सहित नियन्त्रणमा लिइ अनुसन्धान भइरहेको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता